# मादी गाउँपालिका

# स्थानीय राजपत्र


## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ५ संख्या ४ जेठ २८ गते, २०७८ साल**


# भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

# संवत् २०७८ सालको कार्यविधि नं. ४

## लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधि, २०७८

प्रस्तावना :

समाजमा बढ्दै गईरहेको लैङ्गिक हिंसा निवारणका लागि कोष स्थापना गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम मादी गाउँपालिकाले यो लैंगिक हिंसा निवारण कोष सञ्चालन सम्बन्धी कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यो कार्यविधिको नाम "मादी गाउँपालिका लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि,२०७८ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यालय” भन्नाले मादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले मादी गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कोष” भन्नाले नियम ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनु पर्दछ ।

(घ) “पीडित” भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(ङ) “सञ्चालक समिति” भन्नाले नियम ८ बमोजिमको सञ्चालक समिति सम्झनु पर्दछ ।

(च) “लैङ्गिक हिंसा” भन्नाले कार्यस्थल सार्वजनिक स्थल घरपरिवारमा हुने यौनजन्य दुर्व्यवहार सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिकताको आधारमा हुने सबै प्रकारको हिंसा
सम्झनु पर्दछ ।

३. कोषको स्थापनाः (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) संघ वा प्रदेश बाट प्राप्त रकम,

(ख) मादी गाउँपालिकाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) विदेशी व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ङ) बैंक खातामा रहेको मौज्दात बाट प्राप्त व्याज रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

४. कोषमा रकम जम्मा गर्ने महिला तथा बालबालिकाको हकहित संरक्षणका लागि गाउँपालिकाले वार्षिक रुपमा गाउँसभाबाट तोके बमोजिमको प्रतिशत बराबरको रकममा नघटाई कोषमा जम्मा गर्नु पर्नेछ ।

मादी गाउँपालिका, कास्की

५. कोषको उपयोगः (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :

(क) तत्काल उद्धार गर्न,

(ख) औषधी उपचार गर्न,

(ग) राहत प्रदान गर्ने तथा आर्थिक सहयोग उपलब्ध गराउन,

(घ) सिपमूलक तालिम प्राप्त पीडितलाई स्वरोजगारका लागि व्यवसाय स्थापना खर्च रकमको अनुदान को रुपमा प्रदान गर्न

(ङ) कानुनी सहायता मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(च) पुर्न स्थापना गराउने,

(छ) लैङ्गिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसुरवाट पीडितले प्रचलित कानुन बमोजिम कसुरदारबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसुरदारको कुनै सम्पति नभएको कारणबाट प्राप्त गर्न नसक्ने देखी अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन लेखी आएमा यस्तो क्षतिपूर्ति दिन,

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य काममा प्रयोग गर्न,

(२) उपनियम (१) मा जस्तोसुकै कुरा लेखिएको भएता पनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित वालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागु पदार्थको दुर्व्यसनमा फसेका वा मानसिक रोगि भई सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ।

६. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिनेः (१) कोषको रकम नियम (५) मा लेखिए वाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२)उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिको बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोष रकम उपयोग गर्न सकिनेछ ।

७. कार्यालयलाई रकम उपलब्ध गराउने पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनका लागि सञ्चालक समितिले कोषबाट कार्यालयको नाममा रकम निकासा दिनेछ ।

८. सञ्चालक समितिको गठनः (१) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने काम समेतको लागि सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिका उपाध्यक्ष -अध्यक्ष

(ख) सामाजिक विकास समितिको संयोजक सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

(घ) ईलाका प्रहरी कार्यालय प्रमुख सदस्य

(ङ) गाउँसभा सदस्य महिला २ जना सदस्य

(च) गाउँपालिकामा क्रियाशिल गैरसरकारी संस्थाहरु मध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनीधि १ जना सदस्य

(छ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ज) महिला तथा बालबालिका शाखा प्रमुख सदस्य सचिव

(३)उपनियम (२) को खण्ड (घ) बमोजिमका सदस्यको पदावधि ३ वर्षको हुनेछ ।

(४) सञ्चालक समितिको सचिवालय गाउँपालिका कार्यालयमा रहनेछ ।

(५) संञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार : संञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(ख) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने, (ग) स्थानीय तहमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था तथा निकायहरु वीच समन्वय गर्ने,

(घ) लैङ्गिक हिंसा हुँन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम संञ्चालन गर्ने,

१०. राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार : (१) यस नियमावली बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ ।

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्न पर्ने भए सार्वजनिक सवारी साधानबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत र बास बस्नु पर्ने भए सो वापत छुट्टै रकम दिने,

(ख) पीडितलाई अस्पताल भर्ना गरी औषधी उपचार गर्न पर्ने भएमा अस्पताल जाँदा आउँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधान प्रयोग गर्दा लाग्ने भाडा रकम,खाना खर्च अस्पताल बस्ने व्यवस्था नभई बाहिर बस्नु परेमा वढीमा ३ दिनको बास खर्च र उपचार खर्च समेत उपलब्ध गराउने.

(ग) कानुनी सहायता, मनोवैज्ञनिक उपचार वा मनोविमर्शका लागि ५००० रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च.

(घ) हिंसा पीडितले कुनै सिपमूलक तालिम प्राप्त गरी व्यवासय सञ्चालन गर्नका लागि वस्तुगत तथा नगद अनुदान माग गरेमा वढीमा प्रतिव्यक्ति रु दश हजार रुपैयाँ,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैया,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ

(२)उपनियम (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएका सञ्चालक समितिले मनासिव देखेमा त्यस्तो पीडितलाई पाँचहजार नबढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने : (१) यस कार्यविधि वमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई वडा कार्यालयको सिफारिस सहित न्यायिक समितिको सिफारिस मार्फत महिला तथा वालवालिका शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन जाँचवुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा संञ्चालक समितिले नियम १० को अधीनमा रही पीडितलई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

१२. तत्काल रकम उपलब्ध गराउन सक्ने : (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सशालक समितको अध्यक्षले सो प्रयोजनको लागी कोषबाट र १०,०००।- रु दश हजार मात्र ) नवढ़ने गरी मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी संचालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलब्ध गराईएकोमा त्यसरी रकम उपलब्ध गराए पछि वस्ने संचालक समितिको बैठकवाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

१३. थप रकम निकासा माग गर्न सक्नेः (१) कोषमा रहेको रकम अपर्याप्त भएमा रकम अपर्याप्ततताको कारण खुलाई सञ्चालक समितिले गाउँपालिकाँग थप रकम माग गर्न सक्नेछ।

(२) उपनियम (१) वमोजिम थप रकम माग भई आएमा गाउँपालिकाले आवश्यकता र औचित्यता हेरी कोषमा थप रकम निकासा दिन सक्नेछ ।

१४. छुट्टै खाता खोल्नु पर्नेः (१) यो कोषमा प्राप्त हुने रकम गाउँपालिकाको विविध कोष अर्न्तगत महिला तथा वाल कोष खातामा जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) वमोजिमको खाताको सञ्चालन कार्यालय प्रमुख र लेखामा काम गर्ने मुख्य कर्मचारीको संयुक्त दस्ताखतबाट हुनेछ ।

१५. कोषको लेखा र लेखापरीक्षणः (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ । (२) कोषको लेखापरीक्षण महालेखापरीक्षकवाट हुनेछ ।

१६. आवर्ति (रिभल्भिङ कोष) : यो कोष आवर्ति (रिभल्भिङ) कोषको रुपमा रहने छ ।

१७. प्रतिवेदन पेश गर्नेः (१) सञ्चालक समितिले प्रत्येक २ महिनामा सो समितिबाट भए गरेका काम र कारवाहीको प्रतिवेदन कार्यापालिकालाई बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा महिला विकास शाखा मार्फत प्रतिवेदन सार्वजनिक गर्नुपर्नेछ ।

१८. बैठक भत्ताः संचालन समितिका अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

१९. निर्देशन दिन सक्ने कार्यपालिकाले संचालक समितिको काम र कारवाहीको सम्बन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

आज्ञाले

नारायण प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत